# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

प्रदेश नं. २, नेपाल

मिति : २०७९।०२।२०

प.सं. २०७८।०७९
च.नं. ११६५

**विषय : योजना तथा कार्यक्रम पेश सम्बन्धी सूचना ।**

श्री सरोकारवाला सबै,

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐनको दफा २५ बमोजिम अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघ, संस्था, उपभोक्ता समिति, सहकारी संघसंस्था लगायत सामाजिक तथा सामुदायिक संघ संस्थाले आफ्नो वार्षिक योजना कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले यस नगरपालिका क्षेत्रमा आगामी आ.व. २०७९।०८० मा विभिन्न योजना तथा कार्यक्रम संचालन गर्न ईच्छुक संघसंस्था, समितिहरुले यस नगरपालिकाका लागि आगामी आ.व. २०७९।०८० का लागि बजेट तथा योजना स्वीकृत गर्न नगर सभामा पेश गर्ने प्रयोजनका लागि २०७९ जेष्ठ मसान्त भित्र यस कार्यालयमा आफ्नो बजेट कार्यक्रमको विवरण पेश गर्न जानकारीका लागि सूचित गरिन्छ ।

.................................
सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा : वेवसाईटमा अपलोड गर्नुहुन ।

सम्पर्क: नगर प्रमुख ९८४४१०१८३८, उपप्रमुख ९८६२५९८१३५ प्रमुख प्रशासकीय अधिकृत ९८५४०६२१११
email: sabailamun@gmail.com, web: www.sabailamun.gov.np

Scanned By Camera Scanner

सबैला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं. २, नेपाल

सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालय सबैला, २०७३

प.सं. २०७८।०७९
च.नं. ११६८

मिति : २०७९।०२।२०

विषय : भुक्तानी/निकासा बन्द हुने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

श्री सरोकारवाला सबै,
(उपभोक्ता समिति, निर्माण व्यवसायी, संघसंस्था, फर्म, जनप्रतिनिधि तथा कर्मचारी)

प्रस्तुत विषयमा यस सबैला नगरपालिका अन्तर्गत संचालित आ.व. ०७८।०७९ का विकास निर्माणका नगरपालिकास्तरीय तथा वडास्तरीय योजनाहरुको अन्तिम विल भुक्तानी मिति २०७९।०३।२० गते सम्म मात्र हुने भएकोले सञ्चालित सम्पूर्ण योजनाहरुको भुक्तानी सम्बन्धी कागजातहरु मिति २०७९।०३।१५ गते भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा पेश गरिसक्नुका साथै आ.व. ०७८।०७९ को आर्थिक वर्ष समाप्त हुनुभन्दा एक हप्ता अगावै अर्थात २०७९।०३।२४ गते भित्र मात्र यस कार्यालयबाट निकासा तथा भुक्तानी हुने व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गर्दै अनुरोध गरिएको छ ।

साथै तोकिएको समय भित्र प्राप्त नभई कुनै पनि योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी हुन नसकेमा सम्वन्धित वडा सचिव, उपभोक्त समिति र सबै शाखाका कर्मचारी स्वयं जिम्मेवार हुने व्यहोरा समेत अनुरोध छ ।

(नोट : योजनाहरुको सम्झौता भई कार्यसम्पन्न भइसकेकाहरुको आवश्यक विलभर्पाई, वडा कार्यालयको सिफारिस, कार्यसम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन, सार्वजनिक लेखा परीक्षण लगायतका आवश्यक कागजात सहित तोकिएको मितिमा पेश गर्नु हुन तोकिएको मिति भन्दा पछि भुक्तानी दिन कार्यालय वाध्य हुने छैन ।)

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ:
श्री नगर प्रमुखज्यूको कार्यकक्ष, सबैला नगरपालिका, धनुषा ।
श्री नगर उपप्रमुखज्यूको कार्यकक्ष, सबैला नगरपालिका, धनुषा ।
श्री वडा कार्यालय सबै ।
श्री योजना तथा प्राविधिक शाखा ।
श्री जिन्सी शाखा ।
श्री शिक्षा शाखा ।
श्री कृषि तथा पशु शाखा ।
श्री स्वास्थ्य सेवा शाखा ।
श्री आर्थिक प्रशासन शाखा ।
श्री अन्य शाखाहरु सबै ।

वोधार्थ:
श्री सूचना प्रविधि शाखा : वेवसाईटमा अपलोड गर्नुहुन ।



Scanned By Camera Scanner